# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको स्वत: प्रकाशन

## २०८२ माघ १ गतेदेखि चैत्र मसान्तसम्म



कर्णाली प्रदेश सरकार

## कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान

वीरेन्द्रनगर, सुर्खेत

https://kpta.karnali.gov.np
kpta.karnali@gmail.com
kpta.talim@gmail.com

# स्वतः प्रकाशन

नेपालको संविधानले नागरिकमा सूचनाको हक प्रत्याभूत गरेको छ। सूचनाको हकको संवैधानिक व्यवस्था कार्यान्वयनको लागि सूचनाको हक सम्बन्धी ऐन २०६४ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ कार्यान्वयनमा छ। सार्वजनिक निकायले ३/३ महिनामा गतिविधिको विवरण प्रकाशित गर्नुपर्ने व्यवस्था छ।

## कार्यालयको परिचय

अहिले कायम रहेको कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थानमा वि.सं. २०३२ सालमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतको महिला विकास प्रशिक्षण केन्द्रको रुपमा स्थापना भएको थियो। नेपालको संविधान अनुसार देश संघीय संरचनामा रुपान्तरण भएसँगै साविक महिला विकास प्रशिक्षण केन्द्रको संरचनालाई प्रादेशिक स्तरको क्षमता विकासको महत्वपूर्ण निकायको रुपमा प्रयोग र उपयोगको अधिकार नेपाल सरकारले प्रदेश सरकारलाइ दिएको छ। उल्लेखित भौतिक सम्पत्ति र संरचनाको उपयोग गर्दै प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम प्रदेश सरकार मातहत सुशासन केन्द्रको स्थापना र सञ्चालन वि.सं. २०७६ कार्तिकमा भएको थियो।

समयक्रम अनुसार प्रदेश तथा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गर्ने निकायको रुपमा वि.सं. २०८० साउन ११ गते कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० जारी भएसँगै सोही केन्द्र भएको स्थानमा सोही संरचना र सम्पत्ति उपयोगसहित कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो। करिब चार बिगाह जमिनमा प्रतिष्ठान अवस्थित रहेको छ। प्रतिष्ठानको दक्षिणमा रत्न राजमार्ग र बुलबुले ताल, उत्तर र पश्चिममा मध्यपश्चिम विश्वविद्यालय, पूर्वमा दैलेख जाने मुख्य सडक रहेको छ। कर्णाली प्रदेश सरकारको मिति २०७९ भाद्र ०२ को निर्णय बमोजिम जुम्लाको सिंजामा अन्तर्राष्ट्रिय अत्याधुनिक सुविधायुक्त पूर्वाधार सहितको प्रशिक्षण केन्द्रको संरचना निर्माणका लागि प्रक्रिया अगाडि बढाइएको छ। प्रतिष्ठानले प्रदेश सरकार अन्तर्गतका १९२ कार्यालय र सो अन्तर्गत कार्यरत कर्मचारी, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी, ५४ वटा गाउँपालिका, २५ वटा नगरपालिका र १० वटा जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरूका लागि क्षमता विकासका सन्दर्भमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

## कार्यक्षेत्र

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० को बमोजिम प्रतिष्ठानको प्रमुख कार्यक्षेत्र देहाय बमोजिम रहेको छ।

(क) क्षमता विकास कार्यक्रम

(ख) अनुसन्धान

(ग) परामर्श सेवा

(घ) प्रदेशका तालिम प्रदायक निकायको नियमन

## प्रतिष्ठानको काम, कर्तव्य र अधिकार

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० को दफा ५ मा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। जस अनुसार प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

(क) प्रदेश र स्थानीय तहका सरकारी सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीको लागि प्रशिक्षण लगायत क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

(ख) प्रदेश र स्थानीय तह सञ्चालन, व्यवस्थापन, विकास एवम् सुशासन लगायतका विभिन्न विषयमा अध्ययन, अनुसन्धान र परामर्श सेवा प्रदान गर्ने वा गराउने।

(ग) प्रदेशका निकाय, संघीय निकाय, अन्य प्रदेश, स्थानीय तह, अन्य निकाय र संगठित संस्थाको मागमा आधारित क्षमता विकास सम्बन्धी व्यावसायिक प्रशिक्षण र अध्ययन अनुसन्धान सम्बन्धी कार्य गर्ने।

(घ) प्रतिष्ठानबाट सञ्चालन हुने तालिम पाठ्यक्रम निर्धारण गर्ने, तालिमको गुणस्तर सुनिश्चित गर्ने र तत्सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण गर्ने।

(ङ) प्रदेश र स्थानीय सेवाका कर्मचारी वा कर्णाली प्रदेशमा कार्यरत संघीय निजामती तथा अन्य सरकारी सेवाका कर्मचारीको सेवा प्रवेश तथा सेवाकालीन तालिम सञ्चालन गर्ने।

(च) प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिने वा निजी क्षेत्र वा सामुदायिक वा सामाजिक संघसंस्था र अन्य सरकारी निकायबाट माग भइ आएमा तालिम तथा क्षमता विकास कार्यक्रमका लागि प्रशिक्षण सञ्चालन गर्ने, विज्ञ व्यक्तिको सूची तयार गर्ने र एक्रिडेशन तथा सर्टिफिकेशन (प्रमाणीकरण) सम्बन्धी कार्य गर्ने।

(छ) विकास, समृद्धि र सुशासनका विविध पक्षमा नीति अनुसन्धान संस्थाको रुपमा कार्य गरी प्रदेश तथा स्थानीय तहलाई पृष्ठपोषण गर्ने र असल अभ्यासको अनुभव आदान प्रदान गर्ने वा गराउने।

(ज) विकास र सुशासनका सम्बन्धमा विश्विद्यालयका विद्यार्थीलाई इन्टर्नशिपको व्यवस्था गर्ने।

(झ) नेपाल सरकारको पूर्व स्वीकृति लिई प्रशिक्षण तथा अनुसन्धानका सम्बन्धमा अन्तर्राष्ट्रिय संघसंस्थासँग सहकार्य गर्ने।

(ञ) निजी क्षेत्र, गैरसरकारी संस्था र अन्य संस्थाबाट त्यस्ता निकायका लागि आवश्यक जनशक्ति छनोटका लागि अनुरोध गरेमा सो सम्बन्धी कार्य गर्ने।

## सङ्गठन संरचना

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान
सुर्खेत

कार्यकारी निर्देशक

कार्यकारी निर्देशकको सचिवालय
ब.प्र.स./प्र.अ. ५/६ तह (प्र./सा.प्र.) - १

| अनुसन्धान तथा विकास शाखा | प्रशासन, योजना तथा प्रशिक्षण शाखा | आर्थिक प्रशासन शाखा |
|---|---|---|
| शा.अ./व.शा.अ. ७/८ तह (प्र./सा.प्र.) - १<br>ब.प्र.स./प्र.अ. ५/६ तह (प्र./सा.प्र.) - १ | उपसचिव/व.उपसचिव ९/१० तह (प्र.) - १<br>शा.अ./व.शा.अ. ७/८ तह (प्र./सा.प्र.) - १<br>ब.प्र.स./प्र.अ. ५/६ तह (प्र./सा.प्र.) - २<br>ह.स.चा. - २<br>कार्यालय सहयोगी - ४ (२ जना स्वीपर समेत) | व.लेखा सहायक / लेखा अधिकृत ५/६ तह (प्र./लेखा) - १ |

जम्मा दरबन्दी - १४

## कर्मचारी विवरण

| क्र.सं. | नामथर | पद | तह | शाखा |
|---|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर शाही | कार्यकारी निर्देशक | | |
| २ | राम बहादुर सारू | शाखा अधिकृत | अधिकृत सातौँ | अनुसन्धान तथा विकास शाखा |
| ३ | मुकुन्द भट्टराई | शाखा अधिकृत | अधिकृत सातौँ | प्रशासन, योजना तथा प्रशिक्षण शाखा |
| ४ | कृष्णा बि.क. | प्रशासकीय अधिकृत | अधिकृत छैटौँ | प्रशासन, योजना तथा प्रशिक्षण शाखा |
| ५ | राजेश आचार्य | प्रशासकीय अधिकृत | अधिकृत छैटौँ | जिन्सी |
| ६ | बिबेक श्रेष्ठ | लेखा अधिकृत | अधिकृत छैटौँ | आर्थिक प्रशासन शाखा |
| ७ | संदिप शर्मा | कम्प्युटर अधिकृत | अधिकृत छैटौँ | |
| ८ | कमल सापकोटा | प्रशासकीय अधिकृत | अधिकृत छैटौँ | कार्यकारी निर्देशकको सचिवालय |
| ९ | लोक प्रसाद ढकाल | बरिष्ठ सहायक प्रशासन | सहायक पाँचौ | अनुसन्धान तथा विकास शाखा |
| १० | गंगाराम आचार्य | ह.स.चा. | | |
| ११ | | ह.स.चा. | | |
| १२ | खुम प्रसाद ढकाल | कार्यालय सहयोगी | | दर्ता चलानी / जिन्सी |
| १३ | सरोज चौधरी | कार्यालय सहयोगी | | |

| | | | | |
|---|---|---|---|---|
| १४ | चुडामणि खरेल | कार्यालय सहयोगी | | |
| १५ | अमृत चौधरी | कार्यालय सहयोगी | | |
| १६ | बल बहादुर सुनार | स्वीपर | | |

# कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट २०८२ माघ र चैत्र मसान्तसम्म सञ्चालन गरिएका तालिम तथा कार्यक्रमहरू संक्षिप्त विवरण

| S. No. | Activities | खर्च /वित्तीय संकेत नम्बर | ईकाई | परिमाण | प्रति ईकाई लागत | वार्षिक बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | **Output: 7: Local Government institutions and organisations, including elected representatives and staff, are strengthened and accountable for Good Governance, Intergovernmental collaboration, Civic Engagement and GESI responsiveness.** | | | | | | |
| 1 | प्रदेश तथा स्थानीय तहका अधिकृत तथा सहायक स्तरका कर्मचारीहरूको लागि सेवा प्रवेश तालिम | 2.6.3.16 | Event | 3 | 700 | 2100 | ६ वटा सम्पन्न |
| 2 | प्रदेश तथा स्थानीय तहका अधिकृत तथा सहायक स्तरका कर्मचारीहरूको लागि सेवा कालिन तालिम | 2.6.3.20 | Event | 4 | 1500 | 6000 | ४ वटा सम्पन्न |
| 3 | स्थानीय न्यायिक समितिका सदस्य तथा कर्मचारीहरुका लागी न्यायिक कार्य सम्पादन र मध्यस्थता बारे अभिमुखीकरण | 2.6.3.19 | Event | 10 | 250 | 2500 | ७ वटा जिल्लामा सम्पन्न |
| 4 | स्थानीय विपद व्यवस्थापन समितिका सदस्यहरुको क्षमता अभिवृद्धि | 2.6.1.8 | Event | 10 | 250 | 2500 | ४ वटा जिल्लामा सम्पन्न |
| 6 | स्थानीय तहका वडाअध्यक्ष र वडासचिवहरूका लागि सिफारिस, सर्जमिन, सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता सम्बन्धी ३ दिने तालिंम (विभिन्न सवालमा एक दिन पेनल छलफल सहित) | 2.6.3.22 | Event | 10 | 400 | 4000 | १२ वटा सम्पन्न |
| 7 | स्थानीय तहका उद्योग शाखाका कर्मचारीको लागि SIYB १० दिने प्रशिक्षक प्रशिक्षण तालिम। (ILO संगको सहकार्यमा) | 1.4.3.8 | Event | 2 | 800 | 1600 | सम्पन्न |
| 9 | बेरुजू फछ्यौट सम्बन्धमा योजना शाखा, लेखा र जनप्रतिनिधिहरुलाइ अभिमुखीकरण | 2.6.2.3 | Event | 3 | 700 | 2100 | ६ वटा सम्पन्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 11 | स्थानीय तहका सूचना प्रविधि अधिकृतहरु लाई साईबर सुरक्षा तथा नया वेभसाइट सम्बन्धि तालिम (५ दिन) | 2.6.3.21 | Event | 2 | 600 | 1200 | सम्पन्न |
| 12 | स्थानीय तहको संस्थागत क्षमता विकासका लागि मागमा आधारित तालिम | 2.6.3.18 | Event | 4 | 500 | 2000 | १ वटा सम्पन्न |
| 13 | स्थानीय तहका सूचना प्रविधि अधिकृत तथा प्रमुख प्रशासकिय अधिकृतहरु लाई LISA, FRA, LED को सुधारिएको प्रणाली बारे अभिमुखीकरण कार्यक्रम (३ दिन) | 1.3.5.97 | Event | 4 | 600 | 2400 | सम्पन्न |
| 15 | जनप्रतिनिधि तथा कर्मचारीहरूसँग समुदाय अभ्यास (COP) छलफल | 1.3.5.74 | Event | 6 | 100 | 600 | २ वटा सम्पन्न् |
| 17 | स्थानीय तहका कर्मचारीहरु लाई विधुतीय खरीद प्रणाली सम्बन्धि क्षमता विकास तालिम | 1.3.5.131 | Event | 5 | 800 | 4000 | सम्पन्न |
| 20 | विषयगत समिति तथा लेखा समितिका पदाधिकारीहरुको क्षमता विकास | 1.3.5.138 | Event | 10 | 300 | 3000 | ३ वटा जिल्लामा सम्पन्न |
| | **output 7 को बजेट** | | | | | **34000** | |
| | **Output:** 8: Local Government Basic Service Delivery Systems deliver effective, sustainable and inclusive services to all people, especially the most marginalised and remote. | | | | | | |
| 2 | जिल्ला समन्वय समितिका लागि LISA, FRA, LED को एकिकृत प्रणाली सम्बन्धी क्षमता विकास तालिम | 2.6.1.7 | Event | 1 | 800 | 800 | सम्पन्न |
| 3 | निर्वाचित जनप्रतिनिधिहरूलाई रूपान्तरणनकारी नेतृत्व तथा लैंगिक समानता मर्यादित कार्यस्थल निर्माण र सामाजिक समावेशीकरण (GESI) तालिम | 2.6.3.15 | Event | 5 | 200 | 1000 | सम्पन्न |
| 5 | स्थानीय तहहरूलाई लैंगिक उत्तरदायी बजेट कोडिङमा mentoring, couching र सहजीकरण मार्फत सहयोग | 1.3.5.95 | Support | 5 | 200 | 1000 | १ वटा पालिकामा सम्पन्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 6 | स्थानीय तहमा GESI अडिट, लैंगिक उत्तरदायी बजेट (GRB) तथा GESI मूलप्रवाहीकरणका लागि GESI फोकल व्यक्तिको क्षमता विकास | 1.3.5.117 | Event | 3 | 500 | 1500 | सम्पन्न |
| | **output ८ को बजेट** | | | | | **4300** | |
| | Output:9 Civic Engagement, social inclusion and external accountability mechanisms are internalised by Local Governments to ensure meaningful inclusive service benefits and performance accountability to people. | | | | | | |
| 1 | स्थानीय तहका कर्मचारीहरु लाई सामाजिक जवाफदेहीताका औजार- सार्वजनिक सुनवाई, सामाजिक परिक्षण,PETS,CSCR लगायतका औजारहरु कार्यान्वयन सम्बन्धि अभिमुखिकरण | 1.3.5.86 | Event | 5 | 500 | 2500 | सम्पन्न |
| 2 | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (KPTA) का प्रकाशनहरू (रिपोर्ट, पम्पलेट, फ्लायर, आदि) र कर्णाली प्रदेशको चिनारी प्रकाशन | 1.4.3.7 | Publication | 1 | 1000 | 1000 | सम्पन्न |
| | **output ९ को बजेट** | | | | | **3500** | |
| | **संचालन खर्च (8100)** | | | | | **८१००** | |
| | **मेसिनरी औजार खरिद** | | | | | **३०००** | |
| | **जम्मा बजेट** | | | | | **५२९००** | |

✔